मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत २३ गते सोमवार (Monday, April 5. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**सूचना**

संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नेपाल प्रेस युनियन नेतृत्वको लोकतान्त्रिक प्यानलको विजयी शुरुवात

## महासंघ अध्यक्षमा प्रधानसम्पादक गिरीसहित तीन जनाको उम्मेदवारी


एकराज गिरी


विशाल नेम्वाङ


तीर्थ सिग्देल

**बिर्तामोड, चैत २२।** नेपाल प्रेस युनियन नेतृत्वको लोकतान्त्रिक प्यानलले नेपाल पत्रकार महासंघ झापाको निर्वाचनमा दुई सदस्य पदमा निर्विरोध हुँदै बिजयी शुरुवात गरेको छ ।

आइतवार भएको मनोनयनमा महिला सदस्य पदमा प्रेस युनियनकी स्वस्तिका आचार्य महिला सदस्यमा र प्रेस संगठनबाट कार्यसमिति सदस्य ( मधेशी) सन्तोष शर्मा निर्विरोध निर्वाचित भएका छन् । निर्वाचित हुनेहरुको औपचारिक घोषणा हुन बाँकी छ । उनीहरुसहित १० जना निर्विरोध भएका हुन् । निर्विरोध हुनेहरुमा प्रदेश परिषद् सदस्य समावेशीमा युनियनकै अनुषा चुडाल, सन्तोष अग्रवाल रहेका छन् ।

त्यस्तै प्रदेश परिषद् सदस्य समावेशीमा पुजनकुमारी आचार्य, मनकुमार शर्मा, प्रदीप परियार, आत्माराम राजवंशी, पुकार चन्द्र राजवंशी रहेका छन् । केन्द्रीय परिषद् सदस्यमा दिपीन राई निर्विरोध भएका छन् ।

यसैबीच नेपाल पत्रकार महासंघको चैत २५ गते हुने निर्वाचनका लागि अध्यक्ष पदमा झापामा तीन जनाको उम्मेद्वारी परेको छ । पूर्वाञ्चल दैनिकका प्रधानसम्पादक एकराज गिरी, तीर्थ सिग्देल र विशाल नेम्वाङको अध्यक्षमा उम्मेदवारी परेको हो ।

पूर्वाञ्चल दैनिकका प्रधानसम्पादक एकराज गिरीले अध्यक्ष पदमा व्यसायिक पत्रकारहरुको संयुक्त प्यानलबाट उम्मेदवारी दिएका हुन् । दुई दशकदेखि सक्रिय रुपमा पत्रकारिता गर्दै आएका गिरीले तीन कार्यकालदेखि निरन्तर महासंघमा रहेर नेतृत्व गरिरहेका छन् । सहसचिव, सचिव र उपाध्यक्ष पदमा रहेर कार्यकाल सफल रुपमा सम्पन्न गरिसकेका गिरी झापाली पत्रकार माझ परिचित नाम हो । पत्रकारको व्यक्तित्व, नेतृत्व र क्षमता विकासमा उल्लेख्य भूमिका निर्वाह गरेका गिरीले आगामी कार्यकालका लागि अध्यक्ष पदमा उम्मेदवारी दिएका हुन् । २६३ मतदाता रहेको झापामा अध्यक्षका प्रत्यासी गिरी सबै माझ लोकप्रिय रहेका छन् ।

पत्रकारहरुका आस्था र विचारलाई सम्मानजनक ढंगले व्यवहार गर्ने गिरीले सबै पत्रकारलाई समान नजरले हेर्दै आएका छन् । व्यावसायिक र श्रमजीवी पत्रकारको पक्षमा रहेका गिरीले कोरोना संक्रमणको समयमा समेत झापाली पत्रकारहरुको सामुहिक विमा गराएर जोखिम न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

पत्रकारहरुको स्वास्थ्यमा पहुँच पुर्‍याउने उद्देश्यले सहारा पत्रकार उपचार कोषको संयोजकको समेत जिम्मेवारी सम्हालेर कोषमा गिरीकै नेतृत्वमा ५० लाख रुपैयाँ संकलन भइसकेको छ । झापाली पत्रकारहरुले आफूलाई बिजयी गराए कोषलाई एक करोड रुपैयाँ पुर्‍याएर पत्रकारहरुको उपचार बिमा गर्ने दृढ संकल्प आफूले गरेको अध्यक्षका प्रत्यासी गिरीको भनाइ छ । विभिन्न सामाजिक संघ-संस्थाको समेत सफल नेतृत्व सम्हालिसकेका गिरी वीरता जेसीजका पूर्वअध्यक्ष समेत हुन् ।

उता अध्यक्ष पदका लागि प्रेस चौतारी (ओली समूह) बाट नेम्वाङ र प्रेस चौतारी (नेपाल समूह) बाट सिग्देलको उम्मेदवारी परेको हो ।

त्यस्तै खुल्ला उपाध्यक्ष पदमा चार जनाको उम्मेदवारी परेको छ । जसमा नेपाल प्रेस युनियन नेतृत्वको समूहबाट केशव भट्टराई, प्रेस चौतारी (ओली समूह)बाट गोपाल झापाली, प्रेस चौतारी (नेपाल समूह) बाट मुक्ति पौडेल र (ओली समूह)कै बागी उम्मेदवारका रुपमा हिमालचन्द्र खरेलको उम्मेदवारी परेको छ ।

त्यस्तै महिला उपाध्यक्षमा एक पदका लागि दुई जनाको उम्मेदवारी परेको छ । जिल्ला उपाध्यक्षमा प्रेस युनियनकी सुशीला संग्रौला र प्रेस चौतारी (ओली समूह)की सावित्रा दाहालको उम्मेदवारी छ । सचिव पदमा तीन जनाको उम्मेदवारी परेको छ । नेपाल प्रेस युनियनको समूहबाट प्रेस संगठनका डिकेश लामा, प्रेस चौतारी ( नेपाल समूह) बाट सुव्रत न्यौपाने र प्रेस संगठनकै बागी उम्मेदवारका रुपमा प्रेमकुमार आचार्यको उम्मेदवारी परेको छ । सहसचिव खुल्ला सदस्यमा प्रेस युनियनको नेतृत्व समूहबाट प्रेस संगठनका राजु पाठक र प्रेस चौतारी ओली समूहका बिनोद सापकोटाको उम्मेदवारी छ ।

समावेशी सहसचिवमा एक पदका लागि तीन जनाको उम्मेदवारी परेको छ । जसमा प्रेस युनियनका अर्जुन राजवंशी, प्रेस संगठनका पार्थ मण्डल र प्रेस नेपालका देशराज नेम्वाङको उम्मेदवारी परेको छ ।

कोषाध्यक्षमा दुई जनाको उम्मेदवारी परेको छ । युनियनकै तर्फबाट मिडिया नेपालका रञ्जीत प्रसाई र प्रेस चौतारी ओली समूहका रमेश तिवारीको

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापाका विद्यालयहरूमा २३ करोड बेरुजु

- ९ वर्षदेखि फछ्र्यौट हुन बाँकी
- सबैभन्दा बढी बेरुजु अर्जुनधारा र शिवसताक्षीमा

**पार्थ मण्डल**



**झापा, जेठ २२।** झापाका सामुदायिक विद्यालयहरूमा २३ करोड रुपैयाँभन्दा बढी बेरुजु देखिएको छ । संघीय सरकारले विद्यालयको भौतिक संरचना निर्माणतर्फ लगानी गरेको ठूलो रकम बेरुजु देखिएको शिक्षा विकास तथा समन्वय समिति झापाले जनाएको छ । विद्यालयहरूले आर्थिक वर्ष २०६९/०७०देखि ०७४/०७५ सम्मको भौतिकतर्फका बेरुजु रकम अझै फछ्र्यौट गरेका छैनन् ।

सरकारले विद्यालयको भवन निर्माण, मर्मत, भूकम्प प्रभावित मर्मत, शौचालय, खानेपानी, अस्थायी सिकाई केन्द्र, कक्षा कोठा पुनर्स्थापना लगायतको कार्यक्रममा लगानी गरेको थियो । विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिकै लापरबाहीले राज्यको करोडौं रकम बेरुजु देखिएपछि शिक्षा विकास तथा समन्वय समिति झापाले सूचनामार्फत विद्यालयहरूको नामावली प्रकाशन गर्दै ताकेता गरेको छ । साथै समन्वय समितिले १५ वटै स्थानीय तहका नगर शिक्षा, युवा तथा खेलकुद शाखालाई पत्राचार समेत गरेको छन् ।

लामो समयसम्म विद्यालयहरूको बेरुजु रकम देखिएको र त्यस विषयमा समितिले पटक-पटक विद्यालयलाई ताकेता गर्दा समेत अटेरी गरेपछि विद्यालयहरूको नामावली नै प्रकाशन गरिएको शिक्षा विकास तथा समन्वय समिति झापाका इकाई प्रमुख राजकुमार विकले बताए । 'अहिले सबै विद्यालय स्थानीय तह अन्तर्गत गइसकेका छन्'- इकाई प्रमुख विकले भने- त्यसैले पनि बेरुजु फछ्र्यौट गराउन समस्या भइरहेको छ, हामीले स्थानीय तहलाई बेरुजु फछ्र्यौटका लागि पत्राचार गरिसकेका छौं ।' 'बेरुजु रकम देखिएका विद्यालयहरूलाई स्थानीय तहबाट दिने सेवासुविधा लगायतका कार्यक्रममाथि रोक लगाउनुपर्छ- उनले भने- 'स्थानीय तहहरूले कडाइ गरेपछि मात्र विद्यालयहरू बेरुजु रकम फछ्र्यौट गर्न आउँछन् ।'

शिक्षा मन्त्रालय र महालेखा परीक्षकको कार्यालयद्वारा बिराटनगरमा केही महिना अघि भएको कार्यक्रममा पनि शिक्षामा देखिएको बेरुजुको बारेमा कुरा उठेको बताउँदै उनले भने- 'त्यस कार्यक्रममा मन्त्रालय र महालेखा परीक्षकको कार्यालयले बेरुजु देखिएका विद्यालयको सेवासुविधा कटौती गर्न जानकारी गराइसकेको छ ।' राज्यले बिगत ३ वर्ष यता जिल्लाका कुनै पनि विद्यालयलाई भौतिकतर्फ लगानी नगरेको उनले बताए ।

**के हो बेरुजु ?**

सार्वजनिक आय र व्ययको कार्य प्रचलित कानूनी विधि प्रक्रिया पूरा नगरी गर्दा देखा पर्ने अनियमित रकमलाई बेरुजु भनिन्छ । यो आर्थिक कारोबारको हिनामिना हो, जसलाई आर्थिक अनुशासनहीनताको उपजको रुपमा पनि लिइन्छ । यो प्रचलित कानून बमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई कारोबार गरेको, राख्नुपर्ने लेखा विवरण नराखेको, बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको रकमकलम हो, जुन महालेखापरीक्षकले लेखा परीक्षण गर्दा औंल्याएको हुन्छ । साथै महालेखापरीक्षकको कार्यालयबाट तोकिएको मलेप फाराम अनुसार लेखा नराख्नु र बजेट शीर्षक अनुसार खर्च नगर्नु, बजेट शीर्षकको सीमा उल्लंघन गर्नु हो ।

**कुन स्थानीय तहका कुन विद्यालयमा कति बेरुजु**

**भद्रपुर नगरपालिका**ः मर्मततर्फ भृकुटी प्रावि ५० हजार, मेची आवि ५० हजार, जनकल्याण आवि ५० हजार, दशरथपुर आवि ५० हजार, कलबलगुरी प्रावि ५० हजार, पशुपति प्राविं ५० हजार, जीवनज्योति आवि ५० हजार, पशुपतिनाथ आवि ५० हजार, अरनिको मावि एक लाख, पृथ्वी आवि ५० हजार, गौतम बुद्ध प्रावि ५० हजार र २५ हजार, वीरेन्द्र माविमा ५० हजार बेरुजु देखिएको छ ।

त्यस्तै भवन निर्माणतर्फ चन्द्र भानु ज्योति मावि १८ लाख, दीपक प्रावि १६ लाख, सिञ्चाई प्रावि १६ लाख, भद्रपुर उमावि ३६ लाख र २४ लाख, सिंहदेवी प्रावि ७ लाख ५० हजार, पृथ्वी आविमा ५० हजार बेरुजु देखिएको छ । त्यसैगरी शौचालयतर्फ भद्रपुर मावि ६ लाख, वीरेन्द्र मावि ६ लाख, सीता आवि ५० हजार, अरनिको आवि ४ लाख र अस्थायी सिकाई केन्द्रतर्फ भद्रपुर उमावि १ लाख ५० हजार, पुहाँतु जनज्योति मावि २ लाख ५० हजार, पशुपतिनाथ निमावि २५ हजार, कृष्ण प्राविमा ६० हजार बेरुजु देखिएको छ ।

**बिर्तामोड नगरपालिका** : मर्मततर्फ वेद संस्कृत मावि ५० हजार र २५ हजार, पञ्चरत्न मावि ५० हजार, हरिहर आश्रम गुरुकुल ५० हजार, शुक्रराज निमावि ३० हजार, भूकम्प मर्मततर्फ महेन्द्र ज्योति उमावि २ लाख ५० हजार, विराट आवि २ लाख ५० हजार, महेन्द्र-रत्न उमावि २ लाख ५० हजार र एक लाख, लक्ष्मीनारायण प्रावि ५० हजार, वीर अमरसिंह मावि एक लाख, अनारमनी प्रावि एक लाख बेरुजु देखिएको छ । भवन निर्माणतर्फ देवी उमावि ३० लाख र १८ लाख, अनारमनी आवि १६ लाख, देवी मावि १८ लाख, दुर्गा मावि १६ लाख, वीर अमरसिंह मावि १६ लाख बेरुजु देखिएको छ । शौचालयतर्फ महेन्द्र ज्योति उमावि २ लाख ५० हजार, देवी उमावि

*(बाँकी अन्तिम पृष्ठमा)*

## चारआली जंगलमा मृत भेटिए निरौला



**बिर्तामोड, चैत २२।** बिर्तामोड-५का तिलक निरौला चारआलीको जंगलमा मृत फेला परेका छन् ।

बिर्तामोडस्थित गाउँले होटलका सञ्चालक निरौला चारआली जंगलमा शंकास्पद अवस्थामा मृत फेला परेका हुन् । निरौला मोटरसाइकलसहित २ दिनअघि बेपत्ता भएको सामाजिक सञ्जालमा सूचनाको रुपमा आएको थियो । उनको बारेमा मे९प २२०९ नम्बरको साइन मोटरसाइकलसहित निरौला बेपत्ता भएको सामाजिक सञ्जालमा पोस्ट भएको थियो ।

उनको शव जंगलभित्र रहेको र हत्या भए/नभएको बारेमा अनुसन्धान गर्न प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान शुरु गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## लागूऔषधसहित चार जना पक्राउ

**झापा, चैत्र २२।** लागूऔषध खैरो हेरोइन ब्राउनसुगरसहित झापाबाट एक जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा झापा कचनकबल-२का २८ बर्षीय सञ्जय लामा रहेका छन् । उनलाई विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले आइतवार कचनकबल-२ सुकुनाडिकी क्षेत्रबाट २५ ग्राम ५० मिलिग्राम खैरो हेरोइन ब्राउनसुगरसहित पक्राउ गरेको हो । लामाको साथबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा चैत २४ गते मंगलबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

पानीट्याङ्कीमा भारतको सेवा काँकरभिट्टामार्ट

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ८३७२०७८४५४/८३४८४४३७१७ इण्डिया, ९८४०१६४४५३ नेपाल
काँकरभिट्टा आएर फोन गर्नुहोस्, सेवा लिनुहोस् ।

**श्री दहीझोडा सामुदायिक वन उपभोक्ता समूह**
**अर्जुनधारा, झापाको**

**निर्वाचन कार्यक्रम सम्बन्धी सूचना**

दहीझोडा सामुदायिक वन उपभोक्ता समूहको निर्वाचन समितिको मिति २०७७।१२।२१ गतेको बैठकको निर्णय अनुसार नयाँ कार्यसमिति चयनको लागि विधानतः व्यवस्था भए अनुसार निर्वाचन कार्यक्रम तय गरिएको व्यहोरा सम्पूर्ण उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध छ ।

१) मनोनयन दर्ताः २०७७।१२।२५ गते १० बजेदेखि ३ बजेसम्म
२) दावी विरोध गर्ने अन्तिम मितिः २०७७।१२।२७ गते ३ बजेसम्म
३) मनोनयन फिर्ताः २०७७।१२।३० गते ३ बजेसम्म
४) उम्मेदवारको नामावली प्रकाशन २०७७।१२।३१ गते १२ बजे
५) चुनाव चिन्ह वितरणः २०७७।१२।३१ गते ३ बजे
६) मतदानः २०७८।१।१० गते शुक्रवार विहान ८ बजेदेखि ४ बजेसम्म

**मनोनयन दर्ताको लागि आवश्यक कागजातहरुः**
१) एक प्रति फोटो २) समूहको उपभोक्ता कार्डको प्रतिलिपि
३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ४) घरमुलीको मञ्जुरी नाम
५) नेपाली नागरिकताको प्रतिलिपि
६) १/१ जना प्रस्तावक र समर्थकको नागरिकता र उपभोक्ता कार्डको प्रतिलिपि
**७) निवेदन दस्तुर**
क) अध्यक्ष पद उम्मेदवारको लागि रु. ३०००।-
ख) उपाध्यक्ष पद उम्मेदवारको लागि रु. २०००।-
ग) सचिव पद उम्मेदवारको लागि रु. ३०००।-
घ) सहसचिव पद उम्मेदवारको लागि रु. २०००।-
ङ) कोषाध्यक्ष पद उम्मेदवारको लागि रु. २०००।-
च) सदस्य पद उम्मेदवारको लागि खुल्ला रु. १०००।- आरक्षण रु. १०००।- अति विपन्न रु. १००।-

नोटः माथि उल्लेखित निर्वाचन कार्यक्रममध्ये १, २, ३, ४, ५ मा उल्लेखित कार्यक्रम समूहको कार्यालयमा हुने व्यहोरा अनुरोध छ ।
आवश्यक सम्पर्क गर्नुपरेमा फोन नं. ९८४२६३९६८६/९८०४९५४४३०

**छविलाल लम्सालः संयोजक, निर्वाचन समिति**

## झापा जिल्लास्तरीय नकआउट फुटबल हुँदै

**झापा, जेठ २२।** चैत २६बाट झापा जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिता हुने भएको छ।

बुट्टाबारी युनाइटेड क्लब बिर्तामाडको आयोजनामा प्रथम झापा जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिता हुने भएको हो। बैशाख २ गतेसम्म बिर्तामोड-६स्थित हरियाली सामुदायिक वनको खेलमैदानमा सो प्रतियोगिता हुने भएको पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराइएको छ।

प्रतियोगितामा आयोजकसहित मनास्लु युवा क्लब, काँकरभिट्टा फुटबल ट्रेनिङ सेन्टर, इलाभेन साइनिङ स्टार, सैनिक युथ क्लब, जलथल फुटबल क्लब, बिर्तामोड युनाइटेड क्लब र शिवसताक्षी फुटबल क्लब गरी ८ टीमको सहभागिता रहने आयोजक क्लबले आइतवार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

प्रतियोगिताका बिजेता टीमलाई ५५ हजार ५५५ नगदसहित आकर्षक शिल्ड र उपबिजेता टीमलाई ३३ हजार ३३३ रुपैयाँ नगद र शिल्डको व्यवस्था गरिएको क्लबका अध्यक्ष हिमाल कन्दङ्वाले बताए। उनले प्रत्येक दिन म्यान अफ द म्याच घोषणा गरी २ हजार नगद पुरस्कार प्रदान गरिने जानकारी दिए।

त्यस्तै समापनमा बेष्ट कोच, बेष्ट प्लेयर, बेष्ट गोलकिपर, हाइस्कोरर र वेष्ट मिडफिल्डरको घोषणा गरी ५ हजार रुपैयाँका दरले पुरस्कृत गरिने समेत जानकारी दिए।

प्रतियोगिता सम्पन्न गर्न ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। 'युवा जागरुकता आजको आबश्यकता' भन्ने नारा दिइएको सो प्रतियोगिताको उद्देश्य स्थानीय क्षेत्रबाट खेल जगतलाई प्रोत्साहन गरी युवा खेलाडीहरुमा थप हौसला र प्रेरणा दिने रहेको अध्यक्ष कन्दङ्वाले बताए।

बिर्तामोड नगरपालिका वडा नं. ६का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रतियोगिताको उद्देश्यबारे आयोजक क्लबका उपाध्यक्ष सन्तोषकुमार बिष्टले प्रकाश पारेका थिए। क्लबका सल्लाहकारहरु बसन्त राई, जगतकुमार राई, चन्द्रकुमार गुरुङलगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन सचिव धनसरी राईले गरेकी थिइन्। २०७५ सालमा बुट्टाबारी युनाइटेड क्लब स्थापना भएको हो।

# काँकरभिट्टा खानेपानीको निर्वाचनमा मिश्रित परिणाम

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, चैत २२।** नयाँ नेतृत्व चयनका लागि शनिबार सम्पन्न काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचनमा मिश्रित परिणाम आएको छ।

आइतबार सम्पन्न मतगणनाको अन्तिम नतिजा अनुसार सञ्चालक समितिको अध्यक्षमा राजकुमार पराजुली १ हजार ५ सय ९२ मत प्राप्त गर्दै बिजयी भएका छन्। नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार पराजुलीले नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार हर्क फियाक लिम्बूलाई ८८ मतले पराजित गरेका हुन्। फियाकले कूल १ हजार ५ सय ४ मत प्राप्त गरेका थिए।

यसैगरी उपाध्यक्षमा नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार गोविन्द गिरी १ हजार ४ सय ४१ मत प्राप्त गर्दैं विजयी भए। उनका निटकतम् प्रतिस्पर्धी नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार रिमादेखि खरेलले ९ सय मत प्राप्त गरिन्। गिरी र खरेलको मतान्तर ५ सय १४ रहेको छ। यसैगरी स्वतन्त्र उपाध्यक्षका उम्मेदवार कृष्णबहादुर सुवेदीले ४ सय ४८ र संघीय लोकतान्त्रिक मञ्चका तर्फबाट समेत उम्मेदवार राजु चेम्जोङले २ सय ८२ मत प्राप्त गरे।

सचिवमा नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार चन्द्रप्रसाद निरौला नेपाली कांग्रेस जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेद्वार दिलीपजंग सुब्बासँग ८० मतले पराजित भए। निरौलाले १ हजार ३ सय ३५ र सुब्बाले १ हजार ४ सय १५ मत प्राप्त गरे।

कोषाध्यक्षमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार मीनाकुमारी कटुवाल १ हजार ४ सय ९२ मत प्राप्त गर्दैं विजयी भइन्। उनका निकटतम् प्रतिस्पर्धी नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार हेमा सिटौलाले १ हजार २ सय ५३ मत प्राप्त गरिन्। सिटौला २ सय ३९ मतले पराजित भइन्। संघीय लोकतान्त्रिक मञ्चका उम्मेद्वार भवानी महतले २ सय ८४ मत प्राप्त गरेका छन्।

लेखा समिति संयोजकमा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार जीवनकुमार थापाले १ सय ३९ मतले नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार कृष्ण कट्टेललाई पराजित गरे। थापाले १ हजार ५ सय २३ र कट्टेलले १ हजार ३ सय ८४ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ।

लेखा समितिको खुला सदस्यतर्फ नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका इन्दिरा बुढाथोकी अधिकारीले १ हजार ४ सय ५० मत र महिला सदस्यमा समेत सोही प्यानलकी मीरा कार्कीले १ हजार ५ सय ८७ मत प्राप्त गर्दै विजयी भए। उनीहरुका प्रतिस्पर्धी क्रमशः एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेद्वार टोलबहादुर सुनारले १ हजार ३ सय ७४ र सीता राईले १ हजार ३ सय ४९ मत प्राप्त गरे।

यसैगरी महिला सदस्यमा दुर्गादेवी भेटवाल र पार्वती खड्का विजयी भएका छन्। नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार भेटवालले १ हजार ४ सय १० र नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार खड्काले १ हजार ५ सय ६० मत प्राप्त गर्दैं विजयी भएका हुन्। पराजित महिला सदस्यहरुमा नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार मिनमाया लिम्बू सुब्बाले १ हजार १ सय १५ र नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार जोस्ना राजवंशीले १ हजार ३ सय ४३ मत प्राप्त गरे।

यसैगरी वडा नम्बर ५ सम्ममा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार केदारजंग भट्टराई १ हजार ४ सय ९९ मत प्राप्त गर्दैं विजयी भए। उनका निकटतम् प्रतिस्पर्धी नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार रविन राउतले १ हजार ३ सय ९१ मत प्राप्त गरे। वडानम्बर ६का लागि नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार प्रितम काफ्ले १ हजार ५ सय ९७ मत प्राप्त गर्दै विजयी भए। कार्य समिति सदस्यमा सवैभन्दा बढी मत उनले प्राप्त गरे।

उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेदवार शेरबहादुर थापा ९ सय ३३ मत प्राप्त गर्दै पराजित भए। उता वडानम्बर ७ र ८ तर्फ नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवार नारायण काफ्लेले नेपाली कांग्रेस, जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानलका उम्मेद्वार खगराज भट्टराई सुरेशलाई पराजित गरे। काफ्लेले १ हजार ३ सय ५३ र भट्टराईले १ हजार १ सय १३ मत प्राप्त गरेका छन्।

सोही वडाबाट संघीय लोकतान्त्रिक मञ्चका तर्फबाट उम्मेदवारी दिएका भवानीविक्रम तुम्बापोले ४ सय ५७ मत प्राप्त गरे। निर्वाचन समितिका अनुसार कूल २ सय १४ मत बदर भएको छ।

## चन्द्रगढी विजयी

**दूधे, चैत २२।** झापाको दूधेमा आइतबारदेखि जारी १ नम्बर प्रदेश स्तरीय प्रथम कर्णबहादुर नेम्वाङ स्मृति भेट्रान कप फुटबल प्रतियोगितामा चन्द्रगढी सिभिसीले विजयी शुरुवात गरेको छ।

टाइब्रेकरमा आयोजक दूधे भेट्रान (रातो) लाई ४-३ गोल अन्तरले पाखा लगाउँदै चन्द्रगढी प्रतियोगिताको सेमीफाइनलमा प्रवेश गरेको हो।

खेलको म्यान अफ द म्याच पनि विजयी टिमका गोलकिपर रुपक गुरुङ घोषित भए। प्रतियोगितामा १० टिमले सहभागिता जनाउने आयोजक समितिले जनाएको छ। झापा बाहिरका सुनसरीको धरान फुटवल क्लब र इटहरी भेट्रानले सहभागिता जनाउने छ।

यस्तै मोरङको बिराटनगर भेट्रान र एभरेष्ट भेट्रान पनि प्रतियोगितामा सहभागिता जनाउने आयोजक समितिका अध्यक्ष सन्तोष नेम्वाङले बताए। यता, झापाका दमक-लखनपुर भेट्रान, बिर्तामोड, आयोजक दूधेको रातो र निलो, सुरुङ्गा र भद्रपुरले प्रतियोगितामा सहभागिता जनाउने छन्।

प्रतियोगिताको च्याम्पियनले ५५ हजार रुपैयाँ र उपबिजेताले ३१ हजार रुपैयाँ नगद पुरस्कार पाउने छन्। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले ५ हजार, उत्कृष्टले ३ हजार र मेन अफ द म्याचका विजेताले १ हजार ५ सय पाउने आयोजक समितिले जनाएको छ। आयोजक समितिका अनुसार प्रतियोगिता सम्पन्न गर्न करिव ८ लाख खर्च हुने अनुमान गरिएको छ।

## ट्याक्टर दुर्घटना हुँदा सहचालकको मृत्यु

**मोरङ, चैत्र २२।** मोरङ बिराटनगर-१४का २५ बर्षीय कामेश्वर कामतको ट्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ।

बिराटनगर-१४ स्थितमा को २ त २७३४ नम्बरको ट्याक्टर आफै अनियन्त्रीत भई दुर्घटना हुँदा सहचालक समेत रहेका कामतलाई सोही ट्याक्टरले किच्दा उनको घटनास्थलमानै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## झापाका ...

२ लाख ५० हजार, देवी मावि ४ लाख, लक्ष्मी मावि ६ लाख, शुक्रराज आवि ६ लाख र बाहिरी वातावरणतर्फ महेन्द्ररत्न उमावि २ लाख ५० हजार बेरुजु देखिएको छ।

**मेचीनगर नगरपालिका** : मर्मततर्फ कृष्ण प्रावि ५० हजार, अमर प्रावि ५० हजार, शान्ति प्रावि ५० हजार, जनता मावि ५० हजार, कृष्ण आवि ५० हजार, पवित्र आवि ५० हजार, सरस्वती मावि ५० हजार, देवी प्रावि ५० हजार, कालिका प्रावि ५० हजार, ज्ञानदीप प्रावि ५० हजार, मेची प्रावि ५० हजार, शिशु साक्षर आवि ५० हजार, लक्ष्मी प्रावि ५० हजार, अरनिको प्रावि ५० हजार, हरि आवि ५० हजार, बलभद्र आवि ४० हजार, मेची जनसाधारण उमावि ५० हजार बेरुजु देखिएको छ।

त्यस्तै भवन निर्माणतर्फ आदर्श मावि १८ लाख, कालिका आवि १६ लाख, महानन्द प्रावि १६ लाख, काँकरभिट्टा मावि १६ लाख, मेची जनसाधारण उमावि १३ लाख ५० हजार र १६ लाख बेरुजु देखिएको छ। शौचालयतर्फ जनता मावि ४ लाख, बाल विकास आवि २ लाख, मेची जनसाधारण मावि २ लाख, माधव संस्कृत विद्याश्रम प्रावि ६ लाख, शहीद दशरथचन्द्र मावि ६ लाख, सरस्वती बाल कल्याण मावि ६ लाख र कक्षा कोठा पुनर्स्थापनातर्फ देवी आवि ५० हजार, बलभद्र आवि एक लाख, भूकम्पबाट प्रभाविततर्फ दीपेन्द्र प्रावि २५ हजार बेरुजु देखिएको छ।

**अर्जुनधारा नगरपालिका** : मर्मततर्फ भानु आवि एक लाख, कालिका संस्कृत विद्यापीठ ५० हजार, शनिश्चरे उमावि ५० हजार, भानु आवि २५ हजार, सरस्वती प्रावि ५० हजार, समाजसेवी प्रावि ५० हजार, बेलबेदा गुरुकुल प्रावि ५० हजार, बाल कल्याण प्रावि २५ हजार, बाल ज्योति प्रावि ५० हजार, प्राथमिक प्रावि ५० हजार, कालीस्थान मावि ५० हजार, शिवनारायण प्रावि २५ हजार, लक्ष्मी प्रावि ५० हजार, अरुणोदय आवि ५० हजार, अर्जुनधारा मावि एक लाख, भानु आवि ५० हजार, अर्जुनधारा संस्कृत आदर्श मावि ५० हजार, नवज्योति प्रावि ५० हजार, जुनकिरी सामुदायिक प्रावि ५० हजार, चन्द्रोदय प्रावि ५० हजार बेरुजु देखिएको छ।

त्यस्तै भवन निर्माणतर्फ गणेश आवि १६ लाख, सिंहदेवी मावि १८ लाख, नवदुर्गा आवि १६ लाख र १३ लाख ५० हजार, सिंह वाहिनी प्रावि १६ लाख, लक्ष्मी मावि १८ लाख, जनता मावि १८ लाख बेरुजु देखिएको छ। शौचालयतर्फ सप्तऋषि गुरुकुल संस्कृत वेद आश्रम २ लाख ५० हजार, समाजसेवी प्रावि ५० हजार, भानु मावि ४ लाख, महारानीगञ्ज मावि ६ लाख, भानु मावि ६ लाख, शनिश्चरे मावि ६ लाख, अर्जुनधारा मावि ६ लाख बेरुजु देखिएको छ। कक्षाकोठा पुरस्थापनातर्फ जुनकिरी सामुदायिक प्रावि ४० हजार, भूकम्पबाट प्रभावित अर्जुनधारा आवि ६० लाख, भीमले आवि ६० हजार, चम्पापुर मावि ३ लाख बेरुजु देखिएको छ।

**कनकाई नगरपालिका**: मर्मततर्फ दुर्गापुर स्रोत केन्द्र ५० हजार, भगवती निमावि ५० हजार, भृकुटी उमावि ५० हजार, जनचेतना आवि २५ हजार, पशुपति प्रावि ५० हजार, कनकाई गायत्री प्रावि एक लाख, भगवती आवि ५० हजार, पञ्चकन्या प्रावि २५ हजार बेरुजु देखिएको छ। त्यस्तै भवन निर्माणतर्फ सरस्वती मावि १४ लाख, भृकुटी मावि १८ लाख, हिमाली आवि १६ लाख, सिंहदेवी आवि १६ लाख बेरुजु देखिएको छ। शौचालयतर्फ जानकी आवि ६ लाख, जनचेतना आवि ६ लाख र भूकम्प मर्मततर्फ पञ्चकन्या प्रावि एक लाख बेरुजु देखिएको छ।

**शिवसताक्षी नगरपालिका** : मर्मततर्फ दूधे स्रोत केन्द्र एक लाख, शिव प्रावि ५० हजार, त्रिभुवन मावि ५० हजार, भगवती आवि एक लाख, मैनाचरी प्रावि ५० हजार, सरस्वती प्रावि ५० हजार, बालज्योति प्रावि ५० हजार, गौरीशङ्कर प्रावि ५० हजार, बाल कल्याण आवि ५० हजार, भगवती मावि एक लाख, बाल सेवा आवि ५० हजार, सामाजिक आदर्श प्रावि ५० हजार, जनता प्रावि ५० हजार, सताक्षी प्रावि ५० हजार, शिव प्रावि ५० हजार, देवकोटा प्रावि ५० हजार, अरुणोदय प्रावि ५० हजार र दीपेन्द्र आवि ५० हजार बेरुजु देखिएको छ।

त्यस्तै भवन निर्माणतर्फ भानु मावि १८ लाख, राष्ट्रिय रमणीय आदर्श मावि १६ लाख, बाल निकुञ्ज मावि १६ लाख, कनकाई आवि १६ लाख, दीपेन्द्र प्रावि १३ लाख ५० हजार, त्रिभुवन उमावि १० लाख र १ लाख ४० हजार, पाथीभरा आवि ७ लाख ५० हजार बेरुजु देखिएको छ। शौचालयतर्फ लक्ष्मीनारायण उमावि २ लाख ५० हजार, सामाजिक आदर्श प्रावि ५० हजार, मोती उमावि ५० हजार, श्रीजंग प्रावि २ लाख, जनआदर्श मावि ६ लाख, भगवती मावि ६ लाख, कनकाई प्रावि ६ लाख, जनविकास आवि ६ लाख बेरुजु देखिएको छ। बाहिरी वातावरणतर्फ झिलझिले मावि २ लाख ५० हजार, कक्षाकोठा पुनर्स्थापनातर्फ शान्ति आवि ४० हजार, भूकम्प प्रभाविततर्फ जनआदर्श उमावि एक लाख ५० हजार बेरुजु देखिएको छ।

**दमक नगरपालिका** : मर्मततर्फ जनता आवि ५० हजार, जनता प्रावि ५० हजार, पशुपति संस्कृत मावि २५ हजार, सरस्वती आवि २५ हजार, जनज्योति प्रावि ५० हजार, पाणिनी मावि ५० हजार, ताराबारी आवि ५० हजार, चुलाचुली आवि ५० हजार, कृष्ण आवि ५० हजार, मदिनीतुल उलुम मदरसा ५० हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ पृथ्वी मावि १८ लाख, सिंहदेवी मावि १६ लाख, भूकम्प प्रभाविततर्फ हिमालय उमावि एक लाख, दिपीनी आवि ६० लाख, ताराबारी आवि एक लाख र शौचालयतर्फ सिंहदेवी उमावि ५० हजार बेरुजु देखिएको छ।

**गौरादह नगरपालिका** : मर्मततर्फ डोरामारी उमावि महारानीझोडा १० लाख, डोरामारी मावि गौरादह १० लाख, छोडामाडी उमावि १० लाख, भारती प्रावि ५० हजार, जुरोपानी प्रावि ५० हजार, कञ्चनजंघा प्रावि २५ हजार, जनज्योति मावि २५ हजार, भद्रकाली मावि ५० हजार, लेखनाथ आवि ५० हजार, मदन आश्रित प्रावि २५ हजार, सिद्धिदाता प्रावि ५० हजार बेरुजु देखिएको छ। भवन मर्मततर्फ जनता मावि १८ लाख, जनता प्रावि १६ लाख, लेखनाथ आवि १३ लाख ५० हजार बेरुजु देखिएको छ। शौचालयतर्फ स्कुलचौन उमावि ४ लाख, भीमसेन आवि ४ लाख, जनता उमावि २ लाख, अमर मावि ६ लाख, अमर आवि ६ लाख बेरुजु देखिएको छ। भूकम्प प्रभाविततर्फ बलभद्र प्रावि ६० हजार, दुर्गादेवी प्रावि २ लाख ५० हजार बेरुजु देखिएको छ।

**कचनकवल गाउँपालिका**: मर्मततर्फ बुद्ध आवि ३ लाख, अभिमुक्तेश्वर विद्यापीठ २५ हजार, नुर हक मदरसा २५ हजार, असर फिया तालेमुल कुरान २५ हजार, बाल प्रावि ५० हजार, महेन्द्र-रत्न मावि ५० हजार, शारदा प्रावि ५० हजार, पशुपति प्रावि ५० हजार, शिव प्रावि ५० हजार, लक्ष्मी प्रावि ५० हजार, देवी प्रावि ५० हजार, पाठामारी प्रावि ५० हजार, दारुल प्रावि ५० हजार, आमबाडी प्रावि ५० हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ जनता मावि १८ लाख, शहीद गङ्गालाल प्रावि १६ लाख, सरस्वती आवि १६ लाख, बुद्ध आवि १० लाख, शिव मावि १८ लाख, मोती मावि १४ लाख, महेन्द्र-रत्न मावि १४ लाख बेरुजु देखिएको छ। शौचालयतर्फ लक्ष्मीप्रसाद देवकोटा मावि ६ लाख, जानकी मावि ६ लाख, मोती मावि ६ लाख बेरुजु देखिएको छ।

**हल्दिबारी गाउँपालिका** : मर्मततर्फ गरमकाली आवि ५० हजार, जनजागृति मावि १० लाख, दुर्गादेवी प्रावि २५ हजार, धनुषा आवि ५० हजार, शान्ति प्रावि ५० हजार, रामेश्वर प्रावि ५० हजार, दीपेन्द्र प्रावि ५० हजार, नवसिर्जना प्रावि ५० हजार, राष्ट्रिय एकता प्रावि ५० हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ दीपेन्द्र प्रावि १६ लाख, भूकम्पबाट प्रभावित जनजागृति उमावि ६० हजार, हल्दिबारी उमावि एक लाख, शौचालयतर्फ सरस्वती मावि ४ लाख बेरुजु देखिएको छ।

**बाह्रदशी गाउँपालिका** : मर्मततर्फ साधुपर्ती आवि २५ हजार, भगवती आवि एक लाख, जनता प्रावि ५० हजार, गौरीशङ्कर गायत्री स्वरूप आश्रम प्रावि एक लाख, पशुपति मावि ५० हजार, सुन्दरपुर प्रावि ५० हजार, कटरडाँगी आवि ५० हजार, मदरसा मिसवाहुल उलुम प्रावि ५० हजार, पञ्चमणि आवि एक लाख, फूलबारी मावि ५० हजार बेरुजु देखिएको छ। त्यस्तै भवन निर्माणतर्फ फूलबारी उमावि १४ लाख र १८ लाख, जनविकास आवि १६ लाख, गौरीशङ्कर मावि १८ लाख, कटरडाँगी आवि १६ लाख, गौरीशङ्कर गायत्री स्वरूप आश्रम प्रावि १६ लाख, पञ्चमणि आवि १६ लाख बेरुजु देखिएको छ। शौचालयतर्फ राधानगर प्रावि २ लाख ५० हजार, साधुपर्ती प्रावि ६ लाख, पशुपति मावि ६ लाख, मदरसा दारुल सलाम प्रावि ६ लाख, भूकम्प प्रभाविततर्फ अमृत आवि २ लाख ५० हजार, कटरडाँगी आवि एक लाख बेरुजु देखिएको छ।

**झापा गाउँपालिका** : मर्मततर्फ त्रिभुवन प्रावि ७५ हजार र २५ हजार, मदरसा दारुल उलुम २५ हजार, कुवाडीदेवी मावि ५० हजार, भानुभक्त प्रावि ५० हजार, महेन्द्र आवि ५० हजार, सरस्वती प्रावि ५० हजार, आदर्श जनता प्रावि ५० हजार, सालमारा प्रावि ५० हजार र मदरसा निजामिया इस्लामिया प्रावि २५ हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ त्रिभुवन आवि १८ लाख, राम जानकी प्रावि १६ लाख, मदरसा इस्लामिया गरीब नवाज १६ लाख, जुडो प्रावि १६ लाख, जनता मावि १८ लाख, भृकुटी आवि १३ लाख ५० हजार, जनकल्याण मावि १४ लाख र १० लाख बेरुजु देखिएको छ। शौचालयतर्फ त्रिभुवन प्रावि १ लाख २५ हजार, भृकुटी आवि ६ लाख, जनता मावि ६ लाख, नवज्योति आवि ६ लाख, भूकम्प प्रभाविततर्फ जनकल्याण मावि २ लाख ५० हजार बेरुजु देखिएको छ।

**कमल गाउँपालिका** : मर्मततर्फ कमला मावि १५ लाख, सिद्देश्वर गुरुकुल २५ हजार, अरनिको प्रावि एक लाख, सिंहदेवी प्रावि ५० हजार, पीङडाडा प्रावि एक लाख, पञ्चकन्या प्रावि ५० हजार, शहीद रत्न प्रावि एक लाख बेरुजु देखिएको छ। भवन निर्माणतर्फ कञ्चनजंगा आवि १६ लाख, वाणी मावि १८ लाख, मङ्गलमय मावि १६ लाख, शौचालयतर्फ शहीद धर्मभक्त मावि ६ लाख, सरस्वती आवि ६ लाख, भूकम्प प्रभाविततर्फ महेन्द्र-रत्न उमावि एक लाख बेरुजु देखिएको छ।

**गौरीगञ्ज गाउँपालिका** : मर्मततर्फ इन्द्रेणी प्रावि एक लाख, जनता आवि १० लाख, राम जानकी आवि २५ हजार, गौरी प्रावि ५० हजार, जनता आवि ५० हजार, जनता प्रावि २५ हजार, आदर्श प्रावि २५ हजार, राष्ट्रिय प्रावि ५० हजार, आमगाछी प्रावि २५ हजार र इन्द्रेणी प्रावि २५ हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ जनता आवि १३ लाख ५० हजार, आमगाछी प्रावि १३ लाख ५० हजार, बाल कल्याण आवि १३ लाख ५० हजार, गौरीगञ्ज मावि १८ लाख, शौचालयतर्फ सरस्वती प्रावि ५० हजार, अस्थायी सिकाइ केन्द्रतर्फ गौरीगञ्ज उमावि २ लाख ५० हजार बेरुजु देखिएको छ।

**बुद्धशान्ति गाउँपालिका** : मर्मततर्फ गौतम बुद्ध प्रावि ५० हजार, गणेश मावि ५० हजार, शान्ति आदर्श मावि ५० हजार, राष्ट्रिय विजय मावि ५० हजार, नमूना प्रावि ५० हजार बेरुजु देखिएको छ। भवन निर्माणतर्फ त्रिभुवन मावि १० लाख, आदर्श उमावि १४ लाख र १८ लाख, बुद्ध आदर्श मावि १८ लाख, गढी गाउँ मावि १६ लाख, बर्ने मावि १६ लाख, शौचालयतर्फ सरस्वती आवि ६ लाख, नवकिरण आवि ६ लाख, नमूना प्रावि ६ लाख, भूकम्प प्रभाविततर्फ त्रिभुवन मावि २ लाख ५० हजार बेरुजु देखिएको छ।

## लागूऔषधसहित ...

ब्राउनसुगर तौलिने तराजु समेत बरामद गरिएको छ। पक्राउ परेका लामा उपर जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भइरहेको छ।

उता उर्लाबारी-३ थापा चौक बस्ने ३८ बर्षीय प्रेम धिमाल लागूऔषध गाँजासहित पक्राउ परेका छन।

उनलाई इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले ४ केजीभन्दा बढी गाँजासहित पक्राउ गरेको हो। धिमालले घरमा गाँजा लुकाई राखेको भन्ने विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गर्दा खाटमुनि झोलामा लुकाइ राखेको १/१ केजीको ४ पोका र खुल्ला अवस्थामा रहेको ८०० ग्राम गाँजा फेला पारी बरामद गरिएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ।

त्यस्तै मोरङ र सुनसरीबाट लागूऔषधसहित दुई जना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१० दक्षिणगेटबाट बेलबारी-३का ३३ बर्षीय बिक्रम गुरुङलाई नियन्त्रित औषधि एभिल ८ एम्पुल, लुपिजेसिक ८ एम्पुल, डाइजाल्याब ८ एम्पुलसहित पक्राउ गरिएको हो त्यस्तै इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१५ ज्ञानचर्चमार्गबाट खोटाङ दिप्रुङ ४ घर भई हाल धरान-१५मा डेरा गरी बस्ने २१ बर्षीय मिलन राईलाई लागूऔषध ब्राउन सुगर ९०० मिलिग्रामसहित पक्राउ गरेको छ।

## महासंघ ...

उम्मेदवारी रहेकोछ।

त्यस्तै दलित सदस्यमा रञ्जीत परियार, नरेश खाती, किशोर उपरकोटीको उम्मेदवारी परेको छ भने जनजाति सदस्यमा सेसेहाङ फियाक र राजन साम्पाङको उम्मेदवारी परेको छ।

खुल्ला सदस्यहरुमा रामप्रसाद निरौला, सुनिरा मैनाली, अनिल वाग्ले, भूमिराज पराजुली, सृजन घिमिरे, अच्युतराज सुवेदी, देवीप्रसाद गौतम, द्रोण अधिकारी, सुष्मा राजवंशी, चिरञ्जीवी घिमिरेको उम्मेदवारी परेको छ। त्यस्तै विष्णुप्रसाद पौडेल, मनिषा चम्लागाँई, होमप्रकाश अधिकारी, डम्वर बराल, बिनोद पाण्डे, सुदीप अधिकारी, शिशिर चम्लागाँई, तिलक तामाङ योञ्जन, जशोदा राजवंशीले पनि खुल्ला सदस्यमा उम्मेदवारी दिएका छन्।

प्रदेश परिषद् सदस्यमा ईश्वर अधिकारी, उमानाथ भण्डारी, सागर गौतम, राजकुमार ओली, रोहित काफ्ले, राजु पौडेल, डिल्लीराम घोर्साई, तुलसीप्रसाद निरौला, वेणुप्रसाद अधिकारी, उत्तम नेपाल, टीकाराम उप्रेतीले उम्मेदवारी दिएका छन्।

त्यसैगरी केन्द्रीय परिषद् सदस्य महिलामा अम्विका भण्डारी, रेजिना गौतम, भीमाकुमार शिवाकोटीले उम्मेदवारी दिएका छन्। त्यस्तै केन्द्रीय परिषद् सदस्यमा डण्डीराज घिमिरे(विवेक), चेतन अधिकारी, गोपाल काफ्ले, ज्ञानेन्द्र निरौला, कृष्ण हुमागाँई र लक्ष्मण ढकालले उम्मेदवारी दिएको निर्वाचन समितिले जनाएको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

डिभिजन वन कार्यालय, झापा
प्रदेश नं. १ नेपाल
सम्पर्क : ०२३-४५५०५३
– हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं।
– वन क्षेत्रमा मानिसहरु हिंड्ने बाटोको दायाँ–बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं।
– गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं।
– आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं। आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं।
– वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# चौथो अङ्ग र यसको भूमिका

राज्यको चौथो अङ्ग भनिन्छ पत्रकारिता जगतलाई । जनताको अधिकार र स्वतन्त्रताको विषयमा सुसूचित गर्दै वैधानिक शासन र कानूनी राज्यको प्रत्याभूतिका लागि समेत जहिल्यै अग्रमोर्चामा उभिने सञ्चारजगतको छाता संगठन हो नेपाल पत्रकार महासंघ । विद्यमान संविधानद्वारा निर्दिष्ट संघीय प्रणाली अनुसार नेपाल पत्रकार महासंघ नवीन संरचनामा प्रवेश गरेको छ । त्यसकै विधान अनुसार महासंघको जिल्ला, प्रदेश र (केन्द्रीय) समितिको निर्वाचनका लागि मनोनयन पत्र दर्ता भइसकेको छ । विगतभन्दा भिन्न प्रक्रियाबाट हुन लागेको निर्वाचन पूर्णरुपले प्रत्यक्ष निर्वाचन विधिबाट हुँदैछ । अब निर्वाचित सबै कार्य समितिका पदाधिकारी एवम् प्रतिनिधिहरुको भूमिका र जिम्मेवारी पेशागत सुरक्षासँगै व्यावसायिक पत्रकारिताको प्रवर्द्धनका लागि हुनुपर्दछ । यसका लागि 'पत्रकार गर्ने' होइन 'पत्रकारिता गर्ने' निष्ठावान, संघर्षशील, समर्पित र सदाचारी नेतृत्व चयन गर्ने जिम्मेवारी सम्पूर्ण मतदाताको हुनु पर्दछ ।

पत्रकारलाई 'वाच डग' पनि भन्ने गरिन्छ । आम जनताको हक, अधिकार स्थापित गर्दै राज्यका हरेक क्रियाकलापमा खबरदारी गर्ने भूमिका र जिम्मेवारी निर्वाह गर्नुपर्ने नेतृत्व दल वा सत्ताको छहारीभन्दा मुक्त हुनु पर्दछ । दलीय आबद्धताले 'वाच डग' को भूमिका र जिम्मेवारी निर्वाह गर्न सकिँन्न । त्यस्तै श्रमजीवी पत्रकारहरुको हक, अधिकारको सुनिश्चितता सँगै पेशागत सुदृढीकरण र व्यावसायिक पत्रकारिताको सम्बर्द्धनका लागि 'एकलब्य' साधना गर्ने नेतृत्व आजको आवश्यकता हो । यसका लागि उम्मेदवारको भन्दा पनि मतदाताहरुको भूमिका अहम् रहन्छ । त्यसैले संघीय संरचना अनुसार यही चैत २५ गते हुन लागेको सबै तहको निर्वाचनमा देश र दुनियाको रक्षाका लागि कलम चलाउने पत्रकार मतदाताहरुले विचारभन्दा विवेकको मत प्रयोग गर्नुपर्ने हुन्छ ।

झापा पत्रकारिताको इतिहासमा कहलिएको र उर्बर जिल्ला हो । नेपाल पत्रकार महासंघको उद्गम भूमि झापा र झापाको मध्य भएर बग्ने कनकाई जस्तो पवित्र नदीको किनारमा झापा घोषणपत्र जारी गर्दै जन्मिएको संस्थाको नेतृत्व गर्ने समूह समाज रुपान्तरणको आदर्श हुनु पर्दछ । व्यावसायिक पत्रकारिताको बलियो आधार तयार गरी श्रमजीवी पत्रकारहरुको सुरक्षाको प्रत्याभूमि गर्न सक्ने संरक्षक बनिनु पर्दछ । जिल्ला–जिल्लामा उम्मेदवार दिएकाहरु मध्येबाट योग्य, क्षमतावान, ऊर्जाशील, निष्ठावान, विवकेशील सदाचारी र मूल्य र मान्यता अनुसार पत्रकारिताको धर्म निर्वाह गर्न सक्ने पात्रको चयन गर्ने नैष्ठिक मतदानले मात्र वर्तमानका विसंगतिहरु हटाउन सक्छ । यसतर्फ सबैको गम्भीर चिन्तन होस् जसले भोलिको समाज सुशासन, आदर्श, नैतिक र मर्यादित बनाउन सक्नेछन् । यसैले सुदूर भविष्यको नेपाली जीवनको प्रतिविम्वन गर्नेछ ।

# संस्थागत स्मरणशक्ति र इतिहास लेखनको महत्व



तीर्थराज खरेल

इतिहास भनेको ज्ञात घटनाहरूलाई व्यवस्थित ढंगबाट बुनेर यस्तो चित्र उपस्थित गर्ने वास्तविकता उजागर गर्ने अभिलेख हो । इतिहास शब्दको अर्थ हो ( परम्परादेखि प्राप्त उपाख्यान समूह (जस्तै कि लोककथा), वीरगाथा) हो अथवा ऐतिहासिक साक्ष्यहरुको प्रकटीकरण इतिहास हो । इतिहास अन्तर्गत हामी जुन विषयको अध्ययन गर्छौं, त्यसमा अहिलेसम्म घटित घटनाहरू अथवा त्योसँग सम्बन्ध राख्ने घटनाहरूको कालक्रमानुसार वर्णन हुन्छ । अर्को शब्दमा भन्दा अहिलेसम्मको उल्लेखित विशिष्ट घटना नै इतिहास हो अथवा प्राचीनतादेखि नवीनतातर्फ आउने मानवजातिसँग सम्बन्धित घटनाहरूको वर्णन नै इतिहास हो । इतिहासको मुख्य आधार युगविशेष र घटनास्थलको ती अवशेषहरू नै हुन्, जुन कुनै न कुनै रूपमा प्राप्त हुन्छन् । जीवनको बहुमुखी व्यापकताकै कारण स्वल्प सामग्रीको आधारमा विगत युग अथवा समाजको चित्र निर्माण गर्नु दुःसाध्य कार्य हो र यसैका कारण इतिहास लेखन दुर्बोध्य मात्र हुँदैन, अक्करिलो पनि हुन्छ ।

सर्वग्राह्य बनाउन सामग्री जति नै धेरै भए पनि त्यही अनुपातबाट बितेको युग तथा समाजको रूपरेखा प्रस्तुत गर्नु कठिन हुँदै जान्छ । पर्याप्त साधनहरू हुँदा पनि भन्न सकिन्न कि कल्पनामिश्रित चित्र निश्चित रूपबाट शुद्ध अथवा सत्य नै होला । इतिहासको सम्पूर्णता असाध्य जस्तै छ, तथापि फेरि पनि यदि हाम्रो अनुभव र ज्ञान प्रचुर बनोस्, ऐतिहासिक सामग्रीको जाँच-पडतालले हाम्रो कला तर्क प्रतिष्ठित होस् तथा कल्पना संयत र विकसित होस् भनी चाहने हो भने इतिहास लेखन त हुनैपर्छ । संस्थागत स्मरणशक्ति मजबुत हुन सकेमा मात्र अतीतको हाम्रो चित्र धेरै मानवीय र प्रमाणिक हुन सक्छ । इतिहासको रचनामा पर्याप्त सामग्री, वैज्ञानिक ढंगबाट त्यसको जाँच, त्यसबाट प्राप्त ज्ञानको महत्त्व बुझ्ने विवेक साथै साथ ऐतिहासक कल्पनाको शक्ति तथा सजीव चित्रणको क्षमताको आवश्यकता छ । राजा महाराजाहरुको स्तुतिगान र चारणगान गरेर भाटगिरी गर्दैमा इतिहास लेखिँदैन । जनताले रगत र पसिनाले सिञ्चित गरेर कुनै पनि समाज र मुलुकको अर्थतन्त्र टिकेको हुन्छ, संस्कृति जनताको हुन्छ, तसर्थ इतिहास लेखनमा जनताको स्थान परिभाषित हुन जरुरी छ ।

बितेका समयका वास्तविक कथालाई इतिहास भन्न सकिन्छ । हाम्रो वर्तमान हाम्रै इतिहासको जगमा बनेको हुन्छ भन्ने वास्तविकतालाई आत्मसात गर्न त्यति सजिलो छैन हाम्रा लागि । वर्तमानका हाम्रा कर्मको प्रतिफल भनेकै हाम्रो भविष्य हो । वास्तवमा इतिहास भनेको आफ्नो देशलाई हेर्ने, पर्गेल्ने, विवेचना गर्ने र चिन्ने आँखा हो । आँखा नभए पछि संसार अँध्यारो हुन्छ । तसर्थ, इतिहास भनेको अँध्यारोबाट उज्यालोतर्फ लाग्न अभिप्रेरित गर्न सर्वाधिक महत्त्वपूर्ण उत्प्रेरक हो ।

इतिहास बितेका सत्यतथ्य घटनाहरूको यथार्थ विवरण हो । कसरी मानिसको विकास भयो, कसरी त्यसले आफ्ना विचारमा संसारलाई परिवर्तन गर्‍यो, कसरी मानिसले प्राकृतिक शक्तिमाथि विजय प्राप्त गर्न सक्यो अनि कसरी कला, संस्कृति, दर्शन, साहित्य, विज्ञान तथा धर्मको उत्पत्ति र विकास हुँदै आजको स्थितिमा आइपुग्यो भन्ने वास्तविक तथ्यलाई यथार्थ रूपमा देखाउने ब्याख्या नै इतिहास हो । त्यसैले इतिहास निरन्तर खोज र अनुसन्धानको विषय हो । त्यसैगरी मानवद्वारा निर्मित संस्थाहरूको उद्गम, विकास र अतीतकालीन भेद र त्यसको स्वरूप आदिमा प्रकाश पार्ने र मानवलाई मानवसँग परिचय गराउने विषय पनि इतिहास हो । यसैले इतिहास सभ्यताको कडी हो किनभने आजको युग बितेको युग र भविष्यको युगसित पनि सम्बन्धित हुन्छ । वास्तवमा कुनै पनि देशको इतिहास थाहा नपाई राष्ट्रियता र सार्वभौमिकताको यथार्थ ज्ञान हुन सक्दैन ।

एक सय चार वर्षे राणा शासनपछि मात्र नेपाल आधुनिक युगमा प्रवेश गरेको मानिन्छ, २००७ को पछि नेपालमा इतिहासलेखनले तीब्रता लिन लागेको थियो । तर, २०१७ को कदमले त्यसलाई रोक्यो र स्वतन्त्र रूपमा देशको इतिहास लेख्ने वातावरण बन्न सकेन, बरु शासकहरूकै गुणगानबाट यसलाई अगाडि बढाइयो । राजा महेन्द्रले शाह परम्परा र एक दलीय पञ्चायती व्यवस्थालाई सहयोग पुग्ने खालका पुस्तकहरू लेखाउने कार्यलाई प्रोत्साहन दिए । २०४६ सालपछिको स्वतन्त्र वातावरणमा पनि जुन किसिमले इतिहास लेखनमा तीब्रता आउनुपर्ने हो त्यो आउन सकेन । त्यसको मुख्य कारण भनेको सरकारी स्तरबाट यसमा चासो नदिनु नै हो । दलगत स्वार्थका कारण इतिहास तोडमरोड गर्ने र आफ्ना हितमा दुरुपयोग गर्ने क्रम बढेर गयो । एक त नेपालको इतिहास राजा-महाराजाहरुको जन्म, शासनभार ग्रहण र मृत्युका इति वृत्तान्तहरुले भरिएका छन् । इतिहास लेखनले जनपक्षीयता हासिल गर्न सकेको छैन, तर इतिहासप्रति आलोचनात्मक दृष्टिकोण हुन जरुरी छ, विश्लेषणात्मक रुपमा इतिहासलाई बुझ्न आवश्यक हुन्छ ।



नेपालमा इतिहासलाई महत्त्व नदिनेहरूकै बोलवाला रहेका कारण इतिहासका सम्बन्धमा हाम्रो अल्पदृष्टि बनेको हो । इतिहास भनेको हाम्रो पहिचान हो । हामीले इतिहास बिर्सेका कारण इतिहासले हामीलाई बिर्सन्छ । त्यसैले इतिहास भनेको नपढी नहुने विषय हो । इतिहास कसैले चाहँदैमा नामेट हुने विषय पनि होइन । कसैलाई मन परे पनि नपरे पनि राणाकाल वा पञ्चायतकाल थिएन भन्न सकिँदैन । कसैले माने पनि, नमाने पनि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने काम गरेको साँचो हो । धेरै नेपालीमा इतिहासको ज्ञान छैन । ज्ञानको अभावमा आ-आफ्नो स्वार्थका लागि इतिहासको अपब्याख्या भइरहेको छ । इतिहासलाई हामीले आलोचनात्मक ढङ्गले हेर्न जरुरी छ । इतिहास वर्तमानको गौरव हो, जहाँबाट वर्तमान जन्मिन्छ । वर्तमान फेरि इतिहास हुन्छ भविष्यका निम्ति । यसरी हेर्ने हो भने हाम्रो इतिहासलाई राजा-महाराजाहरुका वंशावली पढाउने बढीमा तिनीहरुले जितेका लडाइँका कथाहरु पढाउने वा तिनका रानी र पटरानीहरु बीचमा भएको झगडा पढाउने कुरामा सीमित गरिदियो । यो दुःखदायी पक्ष हो इतिहास लेखन र पठनका क्षेत्रमा ।

इतिहासको अध्ययन गर्ने भनेको आलोचनात्मक चेतसहित हुनुपर्छ । इतिहास कुनै पनि ज्ञान, विज्ञान, साहित्य, शिल्प र शास्त्रहरूको जग हो । इतिहासको धरातलमा नै उभिएर यी सबै विषय हुर्केर, बढेर, फलेर, फुलेर आज यो विश्वलाई र मानव जातिलाई नै सभ्यताको शिखरमा पुर्‍याउन सफल भएको छ । जबसम्म यो विश्वमा मानव जाति रहन्छ, तबसम्म इतिहासले मानव जातिलाई अझ बढी सभ्य र सु-संस्कृत हुन प्रेरित गरिरहेको हुन्छ । आजको विश्वमा इतिहासको महत्त्व झन्-झन् बढिरहेको छ । विश्वभर सबै विश्वविद्यालयहरूमा इतिहासको पढाइ हुन्छ । कुनै जमाना थियो, इतिहास भन्ना साथ राजा, महाराजा, सम्राट र शासकहरूको जीवनी र गाथालाई मात्र लिइन्थ्यो । तर, आज इतिहास लेखन र पठनको इतिहासले कोल्टो फेरिसकेको छ । आज इतिहास युद्धको वर्णन र आविष्कारहरूको घटनामा मात्र सीमित छैन ।

सरकारी एवम् महत्त्वपूर्ण गैरसरकारी अभिलेखहरूको सुरक्षा, संरक्षण, अभिलेखीकरण, सूचीकरण, सम्पादन आदि इत्यादि गर्नुका साथै यी अभिलेखहरूको अध्ययन-अनुसन्धान गरी राज्यको प्रशासनलाई के-कसरी सहयोग पुर्‍याई सबल बनाउन सकिन्छ भन्ने मुलुकमा विकास र निर्माणका लागि महत्त्वपूर्ण कुरा हो । अभिलेखहरूको संरक्षण, वर्गीकरण, सम्पादन गर्ने र अन्य विविध समस्याहरूमा अध्ययन-अनुसन्धान गराई अभिलेखहरूबाट फाइदा लिने चलन व्यापकरूपमा बढ्दै आइरहेको छ । तर, दुःखको कुरा छ हाम्रो देशमा निजी संघ-संस्थाहरूको त कुरै छोडौँ, सरकारी कार्यालयहरूले समेत अभिलेखलाई काम नलाग्ने कागजात ठानी अँध्यारो छिँडी कोठाहरूमा फ्याँकिराखेका हुन्छन् । यसरी हाम्रा पुर्खाहरूले धेरै मेहनत र परिश्रम गरी विभिन्न समस्या सुल्झाउन तयार गरेका अभिलेखहरूको जबसम्म महत्त्व र मूल्य बुझ्दैनन् तबसम्म इतिहास पढ्ने र पढाउनेहरूको पनि महत्त्व र मतलब हुँदैन । इतिहासको ज्ञान बिना अघि बढ्न खोजेमा प्रत्येक पाइलामा ठेस लाग्छ र धोखा हुन्छ ।

पुर्खाको गौरवपूर्ण इतिहासको महत्त्व दर्शाउने र सो मार्फत राष्ट्रिय एकताको भावना जागृत गर्ने काम आजको महत्त्वपूर्ण काम हो । संस्थागत सम्झनाशक्तिका लागि व्यवस्थित अभिलेखीकरण र भण्डारण जरुरी छ । आजको युगमा यो काम धेरै सहज छ, विभिन्न वैज्ञानिक विधि र पद्धतिहरु पनि विकास भइसकेका छन् । महत्त्वपूर्ण कुरा भनेको यो गर्ने कसले हो र राज्यको, कार्यालय प्रमुखको, संस्था प्रमुखको दृष्टिकोणको कुरा हो । विगतका महत्त्वपूर्ण व्यक्तित्वहरुले बोलेका कुराहरु, हस्तलिखित दस्तावेज तथा वजनदार अभिव्यक्ति सङ्कलन, स्तरीकरण र भण्डारण गर्ने जाँगर र इच्छाशक्ति राज्यसँग हुन आवश्यक छ । बलेको आगो मात्र ताप्ने र अगाडिको कुरालाई मात्र सम्पूर्ण मान्ने दृष्टिदोषका कारण नेपालका इतिहासका महत्त्वपूर्ण तथ्य उजागर हुन सकेका छैनन्, इतिहासका लुकेका रहस्य र अँध्यारा पानाहरुले उज्यालो घाम देख्न पाएका छैनन् । नेपालको इतिहास अपुरो छ ।

नेपालमा माध्यमिकस्तरदेखि विश्वविद्यालयस्तरसम्म नै इतिहास विषयलाई अनिवार्य विषयका रूपमा राखी यसको आवश्यकता र अपरिहार्यताको बोध गराउनुपर्ने देखिन्छ । अर्कातर्फ इतिहास लेखन तथा अनुसन्धानमा लागेका अनुसन्धानकर्ताहरूलाई उत्साहित गरी अभिमुखीकरण तालिम दिई प्रेरित गर्नुपर्ने देखिन्छ, जसले गर्दा नेपालको प्राचीन सभ्यता, गौरव र वीरताको जानकारी हुन्छ । यसले हरेक नेपालीमा नेपालको वैभव र राष्ट्रियताप्रति गर्व गर्ने परिस्थितिको सृजना हुन्छ र देशको इतिहासप्रति आकर्षण बढ्छ । परिणाममा इतिहास लेखनले प्राथमिकता पाउने वातावरण बन्न सक्छ । हाम्रा नयाँ पुस्तालाई पूर्वजहरुका बहादुरी, कौशल, अनुभव र आविष्कारबाट लाभान्वित हुन जरुरी छ । अतीतका गल्तीहरुले ल्याएका दुष्परिणामबारे नयाँ पुस्ता जानकार छैन ।

हाम्रो राजनीति, कूटनीति, सार्वजनिक प्रशासन, शिक्षा जस्ता क्षेत्रलाई अझ राम्रो, चुस्त र दुरुस्त बनाउन संस्थागत स्मरणक्षमता वृद्धि गर्न आवश्यक छ । ऐतिहासिक महत्त्वका दस्तावेजहरु विस्मृतिको गर्तमा हराउने दुर्भाग्यबाट मुक्त हुन सकेमा मात्र मुलुक र मुलुकवासीका हितकर हुनसक्छ । हरेक सरकारी तथा गैरसरकारी संस्थाहरुमा योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी निर्णय र अन्य दस्तावेजहरु सुरक्षित गर्न सकेमा मात्र संस्थागत स्मरण क्षमता अभिवृद्धि गर्न सकिन्छ । नेपालका लागि यो अति नै महत्त्वपूर्ण कार्यभार हो । इतिहासका गौरवगाथालाई गर्वका साथ हृदयंगम गर्न सके मात्र रुपान्तरणको महाअभियानमा भित्री हृदयदेखि लाग्न जनसमुदायलाई उत्प्रेरित गर्न सकिन्छ ।

*tirthakharel2028@gmail.com*

# फराकिलो सडक : सुविधा कि सास्ती ?



रामबाबु सुवेदी

कुनै बेलाको ब्यस्त बिर्तामोडस्थित अदुवा पुलमा मानिसहरुलाई ओहोर-दोहोर गर्न सास्ती हुनेगर्थ्यो । बाक्लो यातायातले गर्दा र साँघुरो सडकले गर्दा पैदलयात्रुलाई निकै सकस थियो । त्यही माथि बढ्दै गएको अटो, सिटी सफारी र दुई चक्के सवारीसाधनको चापले जीर्ण हुँदै गएको अदुवा पुलले थेग्नै नसक्ने गरी भार बहन गर्थ्यो ।

बिर्तामोडबासी तथा सवारी चालकहरु पनि यस अदुवा पुलको बिकल्प सोचेर फराकिलो सडक बनाउन पहल गरिरहेका थिए । त्यही सिलसिलामा प्राइभेट लगानीमा अदुवा खोलाको उत्तर र दक्षिणपट्टी पैदल यात्रुलाई सहज यात्रा गराउन फलामे वैकल्पिक पुलको निर्माण गरियो । पैदल यात्रुहरु त्यही वैकल्पिक पुल प्रयोग गरिरहँदा अर्कातर्फ बाक्लो सवारीसाधनले सानो भए पनि ट्राफिक जामको सास्ती भोगिरहनु पर्‍यो । यही कुरा मध्यनजर गर्दै र फराकिलो संरचना निर्माणार्थ बिर्तामोड नगरपालिकाले अदुवा पुलको उत्तर र दक्षिण तर्फ नयाँ पुल निर्माण गर्न ठेक्काको कोटेसन खुलायो ।

प्रक्रियागत रुपमा ठेकेदार पक्षसँग सम्झौता गरी करिब दुई बर्षमा निर्माण सम्पन्न हुने गरी काम द्रूतगतिमा अगाडि बढिरह्यो । गत माघ महिनामा निर्माण कम्पनीले निर्माण पक्षका सम्पूर्ण काम सकेर पुल स्थानीय निकायलाई जिम्मा लगाइसकेको छ ।

समयमा पुल निर्माण सकाएर अहिले अदुवा पुलले नयाँ स्वरुप पाएको छ । खुल्ला सडक भएर पैदल यात्रुलाई सडक छेउबाट यात्रा गर्न सहज भएको छ भने यात्रुबाहक सवारीहरु बस, अटो रिक्सा, सिटी सफारी, ट्रक-ट्र्याक्टर आदि सहजै आवत-जावत गर्ने गरेका छन् । अहिले बिर्तामोडमा मुक्ति चोकबाट पश्चिम् लागेपछि पहिला जस्तो अदुवा खोलाको पुलमा जाम र भिडभाड हुँदैन । जनताले सास्ती फेर्नुपरेको छैन । निर्धक्क सवारीसाधन चलिरहेका छन् ।

तर, यी सबै बाबजुत बाटो काट्ने बटुवालाई सडक काट्न जेब्रा क्रसिङ्ग नहुँदा ड्राइभरहरुलाई लेन अनुशासन र निश्चित निरीक्षण नहुँदा चौडा सडक र तीन वटा पुल हुँदा पनि सास्ती व्यहोर्नु परिरहेको छ । यातायात चलाउन जति सजिलो छ, त्यति नै असहज द्रूत सवारीले जीवन वा वस्तुगत क्षति नदिएला भन्न सकिँदैन । पूर्णरुपमा सञ्चालन रहेको यस अदुवा पुलमा नियमन निकाय, ट्राफिक प्रहरी र नगरपालिकाको चासो बढाउन जरुरी रहेको छ । जथाभावी बाटो क्रस गर्दाको बटुवालाई चुनौति उत्तिकै थपिएको छ । गाडिहरुको स्पिड कम नहुनु र स्पिड संकेत राखिएको ट्राफिक सूचनाको पोल नहुँदा सवारी गति बढेसँगै बाटो काट्नेलाई सास्ती छ । तसर्थ, जेब्रा क्रसिङ्ग र सूचनामूलक बोर्ड राख्नसके बाटो काट्ने यात्रुहरुलाई दुर्घटना जोखिम कम हुने थियो ।

अर्को पक्ष लेन अनुशासन नबनाइँदा पश्चिम स्टेण्डमा गाडीहरु जथाभावी यात्रु चाढाउने र उतार्ने गरेका छन् । लोकल र नन्-स्टपको लाइन निर्धारण गर्न अत्यावश्यक छ । अदुवा पुल पश्चिमतर्फ रहेको पश्चिम बस स्टेण्डलाई व्यवस्थित र मर्यादित बनाउन जरुरी रहेको छ । पश्चिम तर्फको ट्र्याक्सी स्टेण्डको उचित व्यवस्थापन गर्न सके सडक पूर्ण रुपमा खुल्ला र सहज देखिने थियो ।



> सडक सहज र फराकिलो भयो, तर जोखिम उत्तिकै बढ्ने भयो भने सर्वसाधारण जनतालाई फराकिलो सडक सुविधा होइन सास्ती हुनेछ।

पूर्वबाट आउने यात्रुबाहक सवारीलाई एकतर्फी दक्षिणपट्टिको पुलबाट व्यवस्थापन गर्दै लेन अनुशासन सिकाउन जरुरी छ । बीचबाट निजी सवारी र बिर्तामोड पश्चिम बस स्टेण्डमा रोक्न नचाहने सवारीहरु आवत-जावत गर्न दिए उत्तम हुनेछ । उत्तरतर्फको पुलबाट लोकल वा भाडाका सवारी यात्रुबाहक बसहरु चलाउँदै पश्चिमबाट पूर्व जाँदा उत्तम हुनेछ ।

कृष्ण हलतर्फ छिर्ने सानो गल्ली सडक अगाडिको कल्भर्ट मर्मत गरी चौडाई फराकिलो बनाएर त्यता छिर्ने र एक तर्फी लेन व्यवस्थापन गरेर मुक्ति चौकबाट यु-टर्न लिन मिल्ने एकतर्फी लेन व्यवस्था बिकास गर्न सके भविष्यको जोखिम न्यूनीकरण हुनेछ । अन्यथा सडक सहज र फराकिलो भयो, तर जोखिम उत्तिकै बढ्ने भयो भने सर्वसाधारण जनतालाई फराकिलो सडक सुविधा होइन सास्ती हुनेछ । त्यसैले लेन व्यवस्थापन, अनुशासन र जोखिम न्यूनीकरण गर्न अदुवा पुलको आजको आवश्यकता रहेको छ । सम्बधित निकायमा ध्यान जान जरुरी छ ।

# कांग्रेस सभापति देउवा आज झापा आउँदै

□ दिपेन लावती



**शान्तिनगर, चैत २२।** नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा सोमवार झापा आउँदै छन् । चैत्र २३ गते सोमवार देउवा झापा आउने कार्यक्रम छ ।

उक्त दिन बिर्तामोड निवासी नेपालको लोकतान्त्रिक आन्दोलनका एक सक्रिय योद्धा, पार्टीको जीवन्त इतिहास स्व. गिरीराज कुमारी प्रसाईको निवासमा नेपाली कांग्रेस जिल्ला समितिले आयोजना गर्ने श्रद्धाञ्जलि कार्यक्रममा सहभागी हुने जिल्ला सभापति उद्धव थापाले जानकारी दिए ।

उनका अनुसार झापामा रहँदा चैत्र २४ गते मंगलवार नेपाली कांग्रेस बुद्धशान्ति गाउँ समितिको नवनिर्मित पार्टी कार्यालय उद्घाटन गर्ने कार्यक्रम छ । सोही कार्यक्रमपछि तत्कालीन माओवादी द्वन्द्वकालमा मारिएका याम आचार्यको शालिक अनावरणमा सभापति देउवा सहभागी हुने जिल्ला सभापति थापाले जनाए ।

वि.स. २०७१ सालमा शहीद याम आचार्य स्मृति प्रतिष्ठान स्थापना गरी उनको कर्मथलोमा पद्मा आचार्यबाट १० धुर जग्गा किनेर शालिक बनाउने तयारी गरिएको थियो । २०७३ सालमा तत्कालीन कानूनमन्त्री तथा सांसद नरेन्द्र विक्रम नेम्वाङले शालिकको शिलान्यास गरेका थिए । बजेट अभावका कारण छिटो काम गर्न नसकिएको प्रतिष्ठानका सचिव राजु आचार्यले बताए । उनका अनुसार तत्कालीन जिल्ला विकास समिति झापामार्फत एक लाख रुपैयाँ र प्रतिष्ठानका अध्यक्ष तथा मेचीनगर नगरपालिकाका मेयर बिमल आचार्यले प्रदान गरेको १ लाख ७५ हजार रुपैयाँको बजेटबाट काम शुरु गरिएको थियो ।

विभिन्न संघ-सस्था र स्थानीय तहसँग बजेट माग गर्दै शालिक अनावरणसम्मको स्थितिमा आइपुगेको शालिक निर्माण समितिका अध्यक्ष तथा बुद्धशान्ति गाउँ समिति सभापति चक्रराज शेर्माले बताए । शालिक निर्माण शुरु भए यता बुद्धशान्ति गाउँपालिकाले क्रमागत रुपमा रु. ८ लाख रुपैयाँ र मेचीनगर नगरपालिकाले २ लाख रुपैयाँ उपलब्ध गराएपछि शालिक अनावरणको चरणमा पुगेको हो । अहिले शालिक परिसरमा सरसफाई र कार्यक्रमस्थल बनाउने काम भइरहेको छ । उनको निधन भएको १९ बर्षपछि शालिकको अनावरण हुने भएको हो । शालिक परिसरमा २ कोठाको कार्यालयसँगै कार्यक्रम स्थल पनि छ ।

उक्त कार्यक्रममा पूर्वका विभिन्न जिल्लावाट पार्टीका नेता/कार्यकर्ताको बाक्लो उपस्थिति रहने आयोजकले अपेक्षा राखेको छ । चैत्र २४ गतेको शालिक अनावरण कार्यक्रम सम्पन्न गर्न विभिन्न उप-समिति गठन गरिएको छ । प्रचार-प्रसार समितिको संयोजक मणि उप्रेती, आर्थिक व्यवस्थापन संयोजक खगेन्द्र मैनाली, गेट तथा टेन्ट व्यवस्थापन संयोजक वीरेन्द्र शेर्मा, मञ्च व्यवस्थापन संयोजक महिला सञ्जाल, व्यानर तथा फूल व्यवस्थापन संयोजकमा क्रमशः विष्णु रिमाल र ज्ञानु थापा छन् भने पार्किङ र स्वयम्सेवक व्यवस्थापन तरुण दल र नेविसंघले गर्नेछन् ।

सो शालिक अनावरण कार्यक्रम सम्पन्न गर्न करिव १ लाख ५० रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ । शहीद याम आचार्यकी श्रीमती र २ छोरी छन् । पार्टीले आचार्यलाई शहीद घोषणा गरे पनि सरकारले शहीद घोषणा गरेको छैन् । उनको वि.स. २०५८ साउन ७ गते बेलुकी ८:४५ बजे तत्कालीन माओवादिले गोली हानी हत्या गरेको थियो । झापामा दुई दिनको कार्यक्रम सकेर सभापति देउवा २४ गते बेलुका काठमाडौं फर्कने जिल्ला सभापति थापाले जानकारी दिए ।

# ३०० जनाको निःशुल्क उपचार




**बिर्तामोड, चैत २२।** इलामको माई नगरपालिका-६ महमाईमा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

एक्तेन मुभिज प्रालि बिर्तामोडको आयोजना तथा कनकाई हस्पिटल बिर्तामोडको प्राविधिक सहयोग र माई नगरपालिका वार्ड नं. ६ को सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर भएको हो ।

इलामको महमाईमा भरपर्दो अस्पताल समेत नभएको र त्यहाँका विरामी उपचार गर्न झापाको बिर्तामोड आउनुपर्ने वाध्यता भएकाले त्यहाँका बासिन्दालाई स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यले निःशुल्क स्वास्थ्य शिविर गरिएको एक्तेन मुभिज प्रालिका अध्यक्ष गोपाल एक्तेनले बताए ।

शिविरमा तीन सय जना विरामीको निःशुल्क स्वास्थ्य जाँच गर्नुका साथै एक महिनासम्म पुग्ने औषधि निःशुल्क वितरण गरिएको कन्काई हस्पिटल बिर्तामोडका पूर्व अध्यक्ष महेन्द्रबहादुर राईले बताए । उनले शिविरमा सहभागी विरामी उपचारका लागि कनकाई हस्पिटल आए उपचारमा १५ प्रतिशत छुट प्रदान गरिने बताए ।

शिविरमा सहभागीलाई कनकाई हस्पिटल बिर्तामोडका बरिष्ठ स्त्री तथा प्रसूति रोग बिशेषज्ञ डा. राजेशकुमार महतो, बरिष्ठ जनरल फिजिसियन डा. धर्मेन्द्रकुमार यादवलगायतको टोलीले स्वास्थ्य परीक्षण गरेको थियो ।

एक्तेन मुभिज प्रालिका अध्यक्ष गोपाल एक्तेनको अध्यक्षता तथा माई नगरपालिकाका प्रमुख दिपककुमार थेवेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा एक्तेन मुभिज प्रालिका सचिव नरेन्द्र लिङदेनले स्वागत गरेका थिए । कार्यक्रममा माई नगरपालिका वार्ड नं. ६ अध्यक्ष मुखराज आङ्देम्बे लगायतले एक्तेन मुभिज प्रालि र कनकाई हस्पिटलले इलामको महमाईमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेर त्यस क्षेत्रका बासिन्दाको मन जितेको बताए ।

कार्यक्रमको सञ्चालन कलाकार तथा कोरियोग्राफर राज सुब्बा लावतीले गरेको कनकाई हस्पिटलका कर्मचारी अभय भुजेलले जानकारी दिए ।

# जन्मदिनमा स्टेशनरी र खाद्यान्न वितरण



**बिर्तामोड, चैत २२।** अर्जुनधारा-११ निवासी सुनिता धिमाल राईले फरक तरिकाले जन्मदिन मनाएकी छिन् ।

स्वच्छ समाजका लागि सामाजिक अभियान झापाकी अभियन्ता तथा नेपाल लाइफ इन्स्योरेन्स बिर्तामोडकी एजेन्सी मेनेजर सुनिता धिमाल राईले बन्दी सहायता नेपालद्वारा सञ्चालित मनमाया आमा बालगृह तथा जुनकीरी सार्वजनिक प्रावि अर्जुनधारा- ११ का बालबालिकाहरुलाई स्टेसनरी र खाद्यान्न वितरण गरी जन्मदिन मनाएकी हुन् ।

पछिल्लो समय फजुल खर्च गरी जन्मदिन मनाउने क्रम बढ्दै गएको र त्यसले समाजमा विकृति फैलाएको भन्दै जन्मदिनमा गरिने फजुल खर्चले सामाजिक कार्य पनि गर्न सकिन्छ भन्ने सन्देश दिन यस्तो तरिकाले जन्मदिन मनाएको उनले बताइन् ।

कार्यक्रममा सहभागी सामाजिक व्यक्तित्व शेरबहादुर थापा, स्वच्छ समाजका लागि सामाजिक अभियान झापाका अध्यक्ष तथा गायक गणेश डुङ्गाना, सुनिताकी गुरुआमा कृष्णमाया चौधरी, ससुरा बुबा तीर्थबहादुर राई र श्रीमान् नवीन राई लगायतले सुनिताले गरेको कार्यको प्रशंसा गरेका थिए ।

कार्यक्रमको सहजीकरण जुनकीरी सार्वजनिक प्राविका प्रधानाध्यापक रञ्जित परियारले गरेका थिए ।

# निर्णय कुञ्जको लोकार्पण

□ टंक विकल्प




**बुधबारे, चैत २२।** बुद्धशान्तिमा स्थापित पण्डित पुरोहितहरुको संगठन ब्राहमण पण्डित पुरोहित समाज बुद्धशान्तिद्वारा वैदिक सनातन धर्म अन्तर्गत हिन्दू संस्कारमा पर्न जाने अप्ठ्यारा तथा बाधा, अड्चन लगायतका समस्याको समाधान सरल र सहज तरिकाले जानकारी दिलाउने पद्धतिको रूपमा 'निर्णय कुञ्ज'नामक पुस्तक लोकार्पण गरिएको छ ।

ब्राह्मण पण्डित पुरोहित समाजका अध्यक्ष टीकाप्रसाद भट्टराईको अध्यक्षता र साङ्गवेद संस्कृत विद्यालयका अध्यापक आचार्य सोमनाथ गौतमको प्रमुख आतिथ्यमा उक्त पुस्तकको लोकार्पण गरिएको हो । समाजका सचिव तथा सम्पादन समूहका सदस्य पं. तेजराज सुवेदीले स्वागत गरेका थिए ।

कार्यक्रममा सप्तर्षि गुरुकुल पाठशाला शनिश्चरेका संस्थापक आचार्य होमनाथ खनालले लोकार्पित पुस्तकको समीक्षा गरेका थिए । कार्यक्रममा शिक्षासेवी गणेश निरौला र आचार्य दुर्गाप्रसाद खतिवडाले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा श्री कृष्ण प्रणामी मन्दिर बुधबारेका अध्यक्ष केदारप्रसाद कोइराला, जगद्गुरु जन्मस्थल संरक्षण संस्थाका अध्यक्ष लीलानाथ भट्टराई, आनन्देश्वर मन्दिरका अध्यक्ष पहलमान बराल, रामजानकी मन्दिर बुधबारेका उपाध्यक्ष टंक काफ्ले लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रमको सञ्चालन ब्राम्हण पण्डित पुरोहित समाजका संस्थापक तथा आनन्देश्वर शिव मन्दिरका उपाध्यक्ष नन्दकुमार तिम्सिनाले गरेका थिए ।

# फाल्गुनन्द-१ विजयी

□ युद्धबहादुर बोहोरा

**पाँचथर, चैत २२।** फाल्गुनन्द गाउँपालिकाको वडा नं. ५ मा वडा स्तरीय पुरुष फुटबल टिम छनौट गरिएको छ ।

वडाको आर्थिक सहयोगमा फाक्तेप युथ क्लब (पीवाइसी)ले आयोजना गरेको साविकको नौ वटा वडाका टिमहरुको खेल सम्पन्न भएको छ । निर्माणाधीन पीवाइसी वीरइन्द्र रंगशालामा चैत १९ गतेदेखि सञ्चालन गरिएको खेलमा वडा नम्बर १, २, ५ र ८ टिम सेमिफाइनलमा प्रवेश गरेका थिए ।

उक्त टिममध्ये वडा नम्बर १ र ८ फाइनलमा अन्तिमसम्म बराबरी भएपछि टाइबेकरमा एक गोल अन्तरले उछिन्दै साविक वडा नं. १ ले उपाधि जितेको हो । त्यस्तै दोस्रो हुने वडा नं. ८ ले नगद छ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गरेको थियो ।

क्लबका अध्यक्ष पञ्चकुमार चेम्जोङको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्बाङ र प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोकले १० हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरेको क्लबका सचिव नवीनकुमार चेम्जोङले जानकारी दिए ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

लेखापाल : १ जना

योग्यता : +२ पास (अनुभवी)

सेक्टरवान सेक्यूरिटी सर्भिस

बिर्तामोड, झापा

फोन सम्पर्क : (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००|- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, बिर्तामोड, झापा

फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## तु- चाहियो

कृषिफर्ममा बसेर काम गर्ने दम्पत्ति चाहियो ।

सम्पर्क फोन नं. ९८१५०८०३९१

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता

यस ग्रिल मार्ट प्रा.लि.लाई निम्न कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद : मार्केटिङ्ग

संख्या : केही

योग्यता : एसईई/एसएलसी

तलब : १५,०००|-

आवश्यक कागजात : शैक्षिक योग्यताको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, २ प्रति फोटो

सम्पर्क : ९८२५३५८७९६, ९८१७०५०१५८, ९८६६६७२५७९


## हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउनेबारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरुमा यही मिति २०७७ साल चैत २० गतेदेखि हात्तीपाइले रोगविरुद्धको औषधि तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा खुवाइरहेको व्यहोरा सम्पूर्ण नगरबासीहरुमा जानकारी गराइन्छ । यो अभियान २०७७ चैत २९ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराइ जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरु :**

- जाडो लागी ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फ नलीहरु सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला काला धर्साहरु देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरु बढ्ने तथा पुरुषको अण्डकोष वरपर नशाहरु फुल्ने
- पुरुषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरु सुन्निएर हात्तीपाइले हुन
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्षमुनिका बालबालिकाहरु, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरु र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरु बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरुबाट छुट्कारा पाउन अनिवार्य रुपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**थप जानकारीका लागि सम्पर्क व्यक्तिहरु**

१) श्री प्रेमप्रसाद पाण्डे, वडा नं. १ र २ का लागि, सम्पर्क नं. : ९८५२६५५९४०

२) श्री लीलाप्रसाद पोखरेल, वडा नं. ३,४,५ र ६ का लागि, सम्पर्क नं. ९८०६०४३५३३

३) श्री राजीवकृष्ण बिष्ट, वडा नं. ७,८, ९ र १० का लागि, सम्पर्क नं. ९८५२६४७४४४

जनचेतनाका लागि

**बिर्तामोड नगरपालिका स्वास्थ्य शाखा बिर्तामोड, झापा**


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

(फोन नं. ०२३-५४६४३६)

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।




## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),

बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२७, ०२३-५४६००५




दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** सानो काममा अधिक खर्च हुनाले चिन्ता बढ्नेछ । बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अवसरवादीहरूबाट विशेष सजग रहनुहोल ।। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । मेहनत गर्दा अप्ठ्यारो काम समेत सम्पादन हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ । प्रतिस्पर्धाबाट नयाँ कामको अवसर प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ । अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ । अवसर प्राप्त भए पनि फाइदा उठाउन चुनौतिसँग जुध्नुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोशिस गर्नेछन् । स्वास्थ्यमा हेलचेक्र्याइँ गर्दा काममा विलम्ब हुन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** महत्वाकांक्षी योजना गोप्य राख्नुहोला । मेहनतको फल अरूलाई सुम्पनुपर्ने स्थिति आउन सक्छ । समयमा सहयोग नजुट्दा अवसर फुत्किन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** काम बिग्रने डरले सताइरहनेछ । बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पार्नेछ । अप्ठ्यारो पर्दा मान्यजन र अग्रजहरूले साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** प्रतिकूल समयमा पनि सद्व्यवहारले नतिजा अनुकूल हुन सक्छ । प्रारम्भमा आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ । व्यावहारिक समस्या देखिएला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हिम्मतले काम लिँदा परिस्थितिलाई अनुकूल बनाउन सकिनेछ । फाइदाका लागि सम्झौता तोड्नुपर्ने हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अग्रजहरूको सहयोग प्राप्त हुनाले बिस्तारै काम सम्पादन हुनेछन् । अधैर्य व्यवहारले समस्या निम्त्याउला ।